# शिक्षामा प्राविधिक शिक्षाको आवश्यकता !



**ई. हरि भण्डारी**
अक्सफोर्ड कलेज, गैंडाकोट, नवलपरासी

आज शिक्षा लिनु हरेक मानिसको प्रथम आवश्यकता हो नै अधिकार पनि हो । शिक्षा भन्ने वित्तिकै मानिस जिउनको लागि आधारभूत ज्ञान प्रदान गरी जीवनलाई सरल र सक्षम बनाउने एक प्रक्रिया पनि हो । शिक्षाविद्हरूले जे जस्तो परिभाषा दिए पनि मेरो अनुभवमा भने शिक्षा एक मानिसको नैसर्गिक अधिकार हो जसरी मानिसलाई खान, वस्न, लगाउन र बाँच्न जे जस्ता आधारभूत वस्तुको आवश्यकता हुन्छ त्यसै गरी शिक्षा प्राप्त गर्ने अधिकार पनि हरेक व्यक्तिमा निहित रहन्छ । हरेक देशको संविधानले शिक्षा प्रदान गर्ने आधार खास गरी तीन तरिकाबाट गरेको पाइन्छ :

१. सरकारको पूर्ण स्वामित्वमा प्रदान गरिने शिक्षा
२. समाजको स्वामित्वमा प्रदान गरीने शिक्षा
३. व्यक्ति वा व्यक्ति समूहको स्वामित्वमा प्रदान गरिने शिक्षा

हाम्रो जस्तो देशमा शिक्षाको महत्त्व अझै टड्कारो रूपबाट अघि बढेको अवस्था छ जसलाई मध्य नजर गरी शिक्षालाई हरेक नेपालीको पहुँचमा पुर्‍याउन जरूरी



देखिन्छ । देश विकासको प्रमुख आवश्यकता नै शिक्षालाई मानिन्छ । यदि हरेक नेपालीलाई दिइने शिक्षा समाज, जिल्ला, हुँदै राष्ट्रको आवश्यकतालाई मुख्य सिद्धान्त बनाएर ज्ञान दिइन्छ तब मात्र शिक्षाको महत्त्व वास्तवमा झल्कन्छ । यसरी शिक्षाले हरेक मानिसको दैनिकीमा असर पारि रहेको हुन्छ । शिक्षा देशको हावापानी, माटो, वातावरण, रहनसहन र आवश्यकताको आधारमा दिनु पर्दछ । त्यसै भनिन्छ देश अनुसारको भेस, आवश्यकता अनुसारको शिक्षा ।

आज हाम्रो जस्तो देशलाई कस्तो शिक्षाको जरूरी छ । यसको विषयमा गहन विचार गरी अघि बढ्न जरूरी छ । मेरो विचारमा हाम्रो जस्तो विकासोन्मुख देशको लागी प्राविधीक शिक्षा विना देश अघि बढ्छ जस्तो मलाई लाग्दैन प्राविधिक शिक्षा भन्नाले प्रविधिसँग जोडिएको ज्ञान भन्ने बुझिन्छ जस्तै इन्जिनियरिङ्, मेडिकल, कम्प्यूटर, व्यवस्थापन कृषि, वन, आदि ।

साँच्चि नै नेपालको इन्जिनियरिङ विधालाई हेर्ने हो भने २०७२ सालसम्म नेपाल इन्जिनियरिङ परिषद्बाट मान्यता पाएर ५१ वटा इन्जिनियरिङ कलेजहरू चलिरहेका छन् । उक्त कलेजहरूमा विभिन्न सङ्कायका इन्जिनियरीङ विषयहरू चलिरहेका छन् खास गरी सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स एण्ड कमुनिकेशन, मेकानिकल, इन्भारोमेन्टल, कृषी, आर्टिटियुचर, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, इलेक्ट्रोनिक्स, बायोमेडिकल, सफ्टवयर, बि.ई. इन आइ.टि. इन्डस्ट्रीयल, जियोमेक्टिक्स र कम्प्युटर इन्जिनियरिङ् गरी इन्जिनियरिङ संकायमा जम्मा १६ वटा विषयहरू चलिरहेका छन् । नेपालमा सबैभन्दा बढी सिभिल इन्जिनियरीङमा ३७९७ विद्यार्थीहरू अध्ययन गर्ने अवसर मिल्दछ भने सबैभन्दा कम २४ जना एग्रिकल्चरल इन्जिनियरीङमा अवसर मिलिरहेको छ ।

सम्पुर्ण इन्जिनियरीङ विषयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्यालाई मध्यनगर गर्दा नेपाल भित्र मात्र वर्षेनी ८९२८ जना इन्जिनियरहरू उत्पादन हुन्छन् भने उत्तीकै संख्यामा विदेशबाट वर्षेनी इन्जिनियर भएर नेपाल आउँदछन् । यो संख्या नेपालमा रहेको विश्व विद्यालय मध्ये टि.यु. त्रिभुवन विश्वविद्यालयबाट सबैभन्दा बढी अनि पोखरा विश्वविद्यालयबाट दोस्रो, पूर्वाञ्चलबाट तेस्रो छ भने काठमाडौँ सबैभन्दा कम छ । यसैपालिदेखि मध्य



पश्चिमाञ्चल विश्वविद्यालयबाट पनि सिभिल इन्जिनियरिङ सुरूवात भइरहेको छ ।

यसै गरी मेडिकल साइन्स तर्फ एम.बि.बि.एस.तथा एम.एम.डी. गरी १५ वटा कलेज र डेन्टलतर्फ तिन कलेज चलिरहेको अवस्थामा देखिन्छ । तर १ कलेजको सम्बन्धन प्राप्त गरी सञ्चालनको तयारी गरिरहेको देखिन्छ । नेपालमा उक्त कलेजहरू ८ वटा टि.यू. र ८ वटै के.यू.बाट सम्बन्धन प्राप्त गरी सञ्चालनमा रहेका छन् ।

यसै गरी कम्प्यूटर सफ्टवयेर याने आइ.टी. अर्को नेपालको जल्दोबल्दो शिक्षाको क्षेत्र बनेको छ । यसमा भने टि.यु., के.यु. पि.यु र पुर्वाञ्चल विश्वविद्यालयबाट करीव १०० को हाराहारीमा कलेज सञ्चालनमा रहेका छन् । सूचना प्रविधिको (आइ.टि.) को नाममा संचालनमा रहेका विषयहरूमध्ये बि.एस.सि., (सि.एस.आइ.टि), बि.सि.ए, बि.सि.आइ.एस. बि.आइ.टि., बि.आई.एम आदी नामबाट सञ्चालित छन् ।

यसरी शिक्षालाई नजिकबाट नियाल्ने हो भने माथिका उल्लेखित प्रोग्रामहरू मुख्य रहेका छन् भने प्राविधिक शिक्षाकै रूपमा व्यवस्थापन शिक्षामा बि.बि.ए., बि.बि.एम., बि.एच.एम. बि.टि.टि.एम. आदी पनि राम्रो अवसरका रूपमा अघि बढिरहेका छन् ।

प्राविधिक शिक्षा स्नातक तहसम्मको शिक्षा कम्तीमा जरूरी देखिन्छ तथापि परिस्थिति अनुसार विद्यार्थीहरूबाट १०+२ तथा डिप्लोमा तहबाट इन्जिनियरीङ, आइ.टी., मेडिसिन, हेल्थ, एग्रिकल्चर, फरेस्टि, म्यानेजमेन्ट र होटल म्यानेजमेन्ट आदि आधारभुत शिक्षा लिएर पनि जीवनलाई सरल र सक्षम तरीकाबाट अघि बढाइ रहेका उदाहरण हामीमाझ रहेकोले आजको शिक्षामा प्राविधिक शिक्षाको भूमिका गहन रहेको छ भने साँच्चि नै नेपाली युवा रोजगारीको लागी विदेश पलायन भइरहेको अवस्थामा पनि प्राविधिक आधारभूत शिक्षा तथा तालिमको कमीले धेरै नै सकस तथा हन्डरकारी रहेको हाम्रो माझमा थुप्रै उदाहरणहरू छन् ।

प्राविधिक क्षेत्रमा सरकारी तवरभन्दा पनि प्राइभेट तवरबाट लगानी गरी खोलिएका स्कुल, कलेज तथा महा विश्वविद्यालय नै प्रमुखरूपमा अघि बढिरहेको देखिन्छ । आर्थिक रूपबाट सुरूमा लगानी गरी अध्यापन गराउन अप्ठ्यारो परेको देखिए पनि पढाइ पछिको आम्दानी र जीवन शैलीमा राम्रो प्रभाव रहेको प्रायः उदाहरण प्राविधिकहरूमै देखिएको छ ।

त्यसैले विश्वकै सन्दर्भमा हेर्दा पनि प्राविधिक शिक्षाले महत्त्व बोकीरहेको देखिन्छ भने हाम्रो जस्तो देशमा यसको आवश्यकता विशेष रूपमा रहेको पाइन्छ । आज प्राविधिक शिक्षापछि स्नातकोत्तर तहमा व्यवस्थापन शिक्षा पनि विशेषरूपमा आवश्यक रहेको पाइन्छ त्यसैले प्राविधिक शिक्षा पछिको व्यवस्थापन शिक्षालाई हट केक को रूपमा दिइएको पाइन्छ । शिक्षालाई जुनरूपमा ग्रहण गरेपनि नेपाली समाजमा जीवन जिउनको लागि शिक्षा भन्ने नारा प्रचलित छ । मानिसले सौखको रूपमा शिक्षालाई लिन नेपाल जस्तो देशमा धेरै समय अवश्यनै लाग्ने छ । तथापि शिक्षा ज्ञान हासिल गर्ने प्रमुख बाटो भएको हामी सबैमा विदितै छ । अब हाम्रो देश नेपाललाई सूचना प्रविधिसँग जोडिएको शिक्षा आजको आवश्यकता बनेको छ जसले मात्र नयाँ नेपालको परिकल्पनालाई टेवा दिइ अगाडि बढाउन सक्दछ ।